यो आकाशवाणी हो ।  20.06.2026 Saturday

मुख्य समाचारहरूबाट..

1. "प्रधानमन्त्री मोदी र राष्ट्रपति मुर्मुद्वारा ओडिशामा ४७ हजार ६ सय करोडभन्दा बढीका विकास आयोजनाहरूको शिलान्यास; पहाडपुर गाउँलाई 'सूर्य ग्राम' का रूपमा विकास गरिने घोषणा

2. केन्द्रीय गृह मन्त्री अमित शाहद्वारा कोल्हापुरमा १ हजार ४ सय ४५ करोडभन्दा बढी लागतको श्री अम्बाबाई मन्दिर विकास गुरुयोजनाको उद्घाटन..

3.भारत सरकारद्वारा मानव स्वास्थ्यमा जोखिम बढाउने १६ प्रकारका मिश्रित औषधीहरूको उत्पादन र बिक्री-वितरणमा  पूर्ण प्रतिबन्ध..

4.भोलि हुने 'नीट-यूजी' पुनर्परीक्षाको पूर्वतयारी: देशभर भव्य 'मक ड्रिल' सम्पन्न, २२ लाखभन्दा बढी विद्यार्थी सहभागी हुँदै"

अनि

5.भोलि १२ औँ अन्तर्राष्ट्रिय योग दिवस मनाइँदै; मुख्य समारोह कोलकाताको रेड रोडमा हुने

................................

1.राष्ट्रपति द्रौपदी मुर्मु र प्रधानमन्त्री नरेन्द्र मोदी

राष्ट्रपति द्रौपदी मुर्मु र प्रधानमन्त्री नरेन्द्र मोदीले आज ओडिशाको रायरंगपुरस्थित दाण्डबोसमा आयोजित एक भव्य सार्वजनिक समारोहमा भाग लिनुभएको छ । राज्य सरकारले दुई वर्ष पूरा गरेको उपलक्ष्यमा आयोजित यस विशेष अवसरमा ओडिशाका जनताका लागि ४७ हजार ६ सय करोड रुपैयाँ भन्दा बढी लागतका विभिन्न विकास आयोजनाहरूको लोकार्पण र शिलान्यास गरिएको छ ।

समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री मोदीले राष्ट्रपति द्रौपदी मुर्मुलाई उहाँको जन्मदिनको अवसरमा हार्दिक शुभकामना व्यक्त गर्नुभयो । प्रधानमन्त्रीले ओडिशाकी एक सुपुत्रीले देशको

सर्वोच्च संवैधानिक पद प्राप्त गरी राष्ट्रको मार्गदर्शन गरिरहनु सम्पूर्ण राज्यका जनताका लागि अत्यन्तै गौरवको विषय भएको उल्लेख गर्नुभयो । उहाँले राष्ट्रपति मुर्मुले मयुरभञ्जलाई मात्र गौरवान्वित नगरी देशभरि ओडिशाको पहिचानलाई समेत मजबुत बनाएको बताउनुभयो ।

प्रधानमन्त्री मोदीले राष्ट्रपति मुर्मुको पैतृक गाउँ पहाडपुरको भ्रमण गर्न पाउनु आफ्नो लागि सौभाग्यको कुरा भएको बताउँदै उक्त गाउँलाई नवीकरणीय ऊर्जामा आधारित पूर्वाधार र आधुनिक सार्वजनिक सुविधाहरूसहित ***"सूर्य ग्राम"*** का रूपमा विकास गरिने घोषणा गर्नुभयो ।

प्रधानमन्त्रीले पूर्वी भारतको तीव्र विकासका लागि केन्द्र सरकारको 'पूर्वोदय दृष्टिकोण' लाई पुनः दोहोऱ्याउनुभयो । यसका साथै, उहाँले **सुभद्रा योजना, आयुष्मान भारत र पीएम जनमान** जस्ता केन्द्र सरकारका जनकल्याणकारी योजनाहरूका कारण आदिवासी समुदाय दशकौंको अभावबाट मुक्त भई देश विकासको सक्रिय साझेदार बनेको उल्लेख गर्दै आदिवासी बहुल क्षेत्रमा शैक्षिक अवसर विस्तारका लागि मयुरभञ्ज जिल्लामा अर्को एउटा 'जवाहर नवोदय विद्यालय' स्थापना गरिने प्रतिबद्धता समेत व्यक्त गर्नुभयो ।

यसैगरी

**प्रधानमन्त्री नरेन्द्र** मोदीले आज हुगली जिल्लाको तारकेश्वरमा आयोजित 'पश्चिमबंग दिवस' (Paschimbanga Divas) समारोहमा भाग लिनुभएको छ । यसै अवसरमा उहाँले देशभरिका ९ करोड ४४ लाखभन्दा बढी किसानहरूलाई लाभान्वित गर्ने गरी १८ हजार ८८० करोड रुपैयाँ बराबरको 'पीएम-किसान' (PM-Kisan) योजनाको २३औँ किस्ता पनि जारी गर्नुभयो ।

**प्रधानमन्त्री** नरेन्द्र मोदीले भोलि कोलकतामा स्वदेशमै निर्मित भारतीय नौसेनाका तीनवटा आधुनिक जहाजहरू— **'आई.एन.एस दुनागिरी'** (INS Dunagiri), **'आई.एन.एस संशोधक'** (INS Sanshodhak) र **'आई.एन.एस अग्रे'** (INS Agray) लाई राष्ट्रको सेवामा समर्पित गर्नुहुने भएको छ । नौसेनाको **'वारसिप डिजाइन ब्युरो'** द्वारा डिजाइन गरिएका र **'गार्डन रिच सिपबिल्डर्स एन्ड इन्जिनियर्स'** द्वारा निर्माण गरिएका यी जलसेनाका मञ्चहरू (प्लेटफर्महरू)

युद्ध सञ्चालन, **हाइड्रोग्राफिक** सर्वेक्षण र पनडुब्बी विरोधी सुदृढीकरणका लागि तयार पारिएका हुन् ।

## 2.केन्द्रीय गृह तथा सहकारिता मन्त्री

केन्द्रीय गृहमन्त्री अमित शाहले आज महाराष्ट्रको कोल्हापुरमा १ हजार ४ सय ४५ करोड रुपैयाँभन्दा बढी लागतको 'श्री अम्बाबाई मन्दिर विकास परियोजना' को उद्घाटन गर्नुभएको छ । यस विशेष समारोहमा महाराष्ट्रका मुख्यमन्त्री देवेन्द्र फडणवीस लगायत अन्य उच्च पदस्थ व्यक्तिहरूको उपस्थिति रहेको थियो । सो अवसरमा जनसभालाई सम्बोधन गर्दै गृह मन्त्री शाहले ऐतिहासिक सहर करवीरमा अवस्थित अम्बाबाई मन्दिर देशभरिका श्रद्धालुहरूका लागि आस्थाको एउटा ठुलो केन्द्र रहेको बताउनुभयो ।

उहाँले यस विकास परियोजनाले मन्दिरको ऐतिहासिक, सांस्कृतिक र आध्यात्मिक पहिचानलाई अक्षुण्ण राख्दै यस क्षेत्रलाई एक आधुनिक धार्मिक पर्यटकीय गन्तव्यका रूपमा रूपान्तरण गर्ने विश्वास व्यक्त गर्नुभयो । यस आयोजनाले भक्तजनहरूका लागि आधुनिक सुविधाहरू थप गर्ने र धार्मिक पर्यटन केन्द्रका रूपमा कोल्हापुरको पहिचानलाई अझ मजबुत बनाउने उहाँको भनाइ थियो ।

सम्बोधनका क्रममा  मन्त्री शाहले प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा विगत १२ वर्षमा भारतले विकास, सांस्कृतिक पुनरुत्थान, राष्ट्रिय सुरक्षा र विश्वव्यापी पहिचानका क्षेत्रमा अभूतपूर्व प्रगति गरेको उल्लेख   गर्नुभयो । उहाँले यी वर्षहरूलाई देशको इतिहासमा रूपान्तरणकारी कालखण्डका रूपमा सम्झिने बताउनुभयो । देशको सांस्कृतिक धरोहर बचाउन सरकार प्रतिबद्ध रहेको स्पष्ट पार्दै उहाँले  भन्नुभयो...

## 3. मिश्रित औषधी

**भारत** सरकारले मानव स्वास्थ्यमा गम्भीर असर पुऱ्याउन सक्ने भन्दै १६ प्रकारका मिश्रित औषधीहरूको उत्पादन, बिक्री र वितरणमा तत्कालदेखि लागू हुने गरी पूर्ण प्रतिबन्ध लगाएको छ । एकै ठाउँमा दुई वा सोभन्दा बढी औषधी मिसाएर बनाइने यस्ता **'फिक्स्ड-डोज कम्बिनेसन'** औषधीहरूमा कुनै चिकित्सकीय औचित्य नदेखिएको र यसले स्वास्थ्यमा उल्टै जोखिम निम्त्याउन सक्ने भन्दै यो कदम चालिएको हो ।

सर्वोच्च अदालतको निर्देशनपछि गठित विज्ञ टोली र औषधी प्राविधिक सल्लाहकार बोर्डको विस्तृत अध्ययन प्रतिबन्धको मुख्य आधार रहेको स्वास्थ्य मन्त्रालयले जनाएको छ। मन्त्रालयले बजारमा सुरक्षित, प्रभावकारी र वैज्ञानिक रूपमा प्रमाणित औषधीहरू मात्र उपलब्ध गराउने उद्देश्यले यो निर्णय गरिएको स्पष्ट पारेको छ।

## 4.राष्ट्रिय परीक्षा एजेन्सी

**राष्ट्रिय परीक्षा एजेन्सी** (NTA) ले भोलि सञ्चालन हुन गइरहेको 'नीट-यूजी २०२६' (NEET-UG 2026) को पुनर्परीक्षाको पूर्वतयारी स्वरूप आज देशभर एकसाथ 'मकट ड्रिल' (अभ्यास कार्य) गरेको छ। आज बिहान ९ बजेदेखि सुरु भएको यो अभ्यास दिनभर जारी रहेको थियो। परीक्षालाई सुरक्षित र मर्यादित बनाउनका लागि देशभरका परीक्षा केन्द्रहरूमा २ लाख ५० हजारभन्दा बढी सुरक्षाकर्मीहरू यस अभ्यासमा सहभागी भएका छन्।

राष्ट्रिय परीक्षा एजेन्सीका अनुसार यो परीक्षा भारतका ५५१ वटा सहर र विदेशका १४ वटा सहरहरूमा एकसाथ सञ्चालन हुनेछ, जसमा २२ लाख ७९ हजारभन्दा बढी परीक्षार्थीहरू सहभागी हुँदै छन्। परीक्षालाई निष्पक्ष र पारदर्शी बनाउन बहुस्तरीय सुरक्षा प्रणाली लागू गरिएको एजेन्सीले स्पष्ट पारेको छ।

भोलि हुने यो पुनर्परीक्षा दिउँसो २ बजेदेखि साँझ ५:१५ बजेसम्म परम्परागत 'पेन-एन्ड-पेपर' (Pen-and-Paper) माध्यमबाट सञ्चालन हुने तय भएको छ।

## '१२ औँ अन्तर्राष्ट्रिय योग दिवस २०२६'

भोलि विश्वभर '१२ औँ अन्तर्राष्ट्रिय योग दिवस २०२६' (IDY 2026) भव्य रूपमा मनाइँदै छ। यस वर्षको नारा **'स्वस्थ वृद्धावस्थाका लागि योग'** (Yoga for Healthy Ageing) तय गरिएको छ, जसले स्वस्थ, सक्रिय र मर्यादित जीवनका लागि जीवनभर योग अभ्यास गर्नुको महत्त्वलाई उजागर गर्दछ। यस वर्षको राष्ट्रिय समारोह पश्चिम बङ्गालको कोलकातास्थित रेड रोडमा आयोजना हुनेछ, जहाँ प्रधानमन्त्री नरेन्द्र मोदीले देशभरिका हजारौँ योग प्रेमीहरूसँगै

साझा योग प्रोटोकलको नेतृत्व गर्नुहुनेछ । बिहान ५ बजेदेखि सुरु हुने यस कार्यक्रममा देशभित्र र विदेशबाट लाखौँ नागरिकहरू भर्चुअल माध्यमबाट समेत जोडिनेछन् ।

## 5.उत्तर प्रदेशमा सन् २०२७ को राष्ट्रिय जनगणना

भारतको उत्तर प्रदेशमा सन् २०२७ को राष्ट्रिय जनगणनाको पहिलो चरण अन्तर्गत **'घर सूचीकरण तथा आवास जनगणना'** (House Listing and Housing Census) कार्य शतप्रतिशत रूपमा सफलतापूर्वक सम्पन्न भएको छ । यसै वर्षको मई २२ देखि जुन २० सम्मको निर्धारित समयभित्रै यो कार्य सम्पन्न भएको हो । यस उपलब्धिलाई आगामी राष्ट्रिय जनगणनाको तयारीका लागि राज्यको एउटा ठुलो र महत्त्वपूर्ण कोसेढुङ्गाका रूपमा हेरिएको छ ।

यो अभियान उत्तर प्रदेशका सबै प्रशासनिक एकाइहरूमा सञ्चालन गरिएको थियो, जसमा ७५ जिल्ला, ३५० तहसील, १७ महानगरपालिका, २०० नगरपालिका, ५४५ नगर पञ्चायत, १३ छाउनी बोर्ड (Cantonment Boards) र ८ औद्योगिक सहरहरू समावेश छन् ।

## 6.कैलास मानसरोवर यात्रा २०२६

कैलास मानसरोवर यात्रा २०२६ का लागि प्रस्थान गरेका तीर्थयात्रीहरूको पहिलो टोली आज सिक्किमको ऐतिहासिक नाथुला भन्ज्याङ (Nathu La Pass) हुँदै चीनतर्फ प्रवेश गरेको छ । सिक्किमका राज्यपाल ओम प्रकाश माथुरले उक्त टोलीलाई झन्डोत्तोलन गरी बिदाइ गर्नुभएको हो ।

यस टोलीमा ४१ तीर्थयात्री (यात्री) हरू सामेल छन् । टोलीमा दुई सम्पर्क अधिकृत (Liaison Officers), एक चिकित्सक (Medical Officer) र चार सहयोगी कर्मचारी गरी कुल सदस्य सङ्ख्या ४७ रहेको छ ।

## 7.बोलिभिया संकटकाल(additional)

देशभरि बढ्दो महँगी र आर्थिक संकटका कारण हप्तौँदेखि जारी सरकार विरोधी प्रदर्शनका बीच बोलिभियाका राष्ट्रपति रोड्रिगो पाजले देशमा संकटकाल (आपातकाल) को घोषणा गर्नुभएको छ । राष्ट्रका नाममा सम्बोधन गर्नुहुँदै राष्ट्रपति पाजले अवरुद्ध सडकहरू खोल्न र जनजीवन सामान्य बनाउन यो कदम चालिएको स्पष्ट पार्नुभयो। उहाँले सडक अवरोधका कारण जनता बन्धक बन्न नसक्ने भन्दै यसले काम, शिक्षा, स्वास्थ्य र अत्यावश्यक सामग्रीको आपूर्तिमा गम्भीर असर पुऱ्याएको बताउनुभयो ।

## एकदिवसीय क्रिकेट

चेन्नईस्थित एम. ए. चिदम्बरम स्टेडियममा जारी भारत र अफगानिस्तानबीचको तेस्रो तथा अन्तिम एकदिवसीय क्रिकेट खेलमा भारत जिततर्फ अग्रसर भएको छ। अफगानिस्तानले प्रस्तुत गरेको २१९ रनको लक्ष्य पछ्याउने क्रममा भारतले उत्कृष्ट सुरुआत गरेको छ। ताजा अवस्था अनुसार भारतले ...... विकेटको क्षतिमा ...दशमलव ...ओभरमा ... रन बनाइसकेको छ ।

तीन खेलको यस शृङ्खला भारतले यसअघि नै जितिसकेको छ । आसन्न एकदिवसीय विश्वकपको तयारीका दृष्टिकोणले यो खेल दुवै टोलीका लागि महत्त्वपूर्ण मानिएको छ ।